नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

संघीय मामिला शाखा

☎ ०१-४२११८९५
०१-४२००२८९

पत्र संख्याः २०७२/०७३
चलानी नं. ९५४

मिति : २०७३/१/२

**विषयः- स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समिति गठन गरिएको सम्बन्धमा ।**

**श्री जिल्ला विकास समितिको कार्यालय,**
**सबै ।**

उपर्युक्त विषयमा नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम निर्माण हुने गाँउपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।१२।१ गतेको निर्णयानुसार गठित गाँउपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको कामलाई सहज तुल्याउन उक्त निर्णयको अनुसूची १ को बुँदा नं. १२ मा उल्लेख भए बमोजिम प्रत्येक जिल्लामा स्थानीय विकास अधिकारीको संयोजकत्वमा देहाय बमोजिमको **स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समिति** रहने व्यवस्था गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समिति**

| | | |
|---|---|---|
| स्थानीय विकास अधिकारी | जिल्ला विकास समिति | संयोजक |
| अधिकृत प्रतिनिधि | जिल्ला प्रशासन कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि | जिल्ला प्राविधिक कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि | मालपोत कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि | नापी कार्यालय | सदस्य |
| यो.अ.तथा प्रशासकीय अधिकृत | जिल्ला विकास समिति | सदस्य सचिव |

नेपाल सरकारबाट स्वीकृत उक्त आयोगको कार्य निर्देश शर्त (TOR) र आयोगले उपर्युक्तानुसार संख्या र सीमाना निर्धारण गर्दा पालना गर्नु पर्ने मापदण्ड तथा सो आयोगका पदाधिकारीज्यूहरुको नाम थर एवम् सम्पर्क नम्बर यसैसाथ संलग्न छ । आयोगको निर्देशानुसार जिल्ला स्तरमा गरिने स्थानीय तहको पुनःसंरचनाको लागि प्रारम्भिक कार्य गरी आयोगको काममा सहयोग गर्ने कर्तव्य तोकिएको सो समितिको विस्तृत कार्य विवरण, मार्गनिर्देशन र अन्य व्यवस्था उक्त आयोगबाट निकट भविष्यमै प्राप्त हुने जानकारी गराउँदै उक्त आयोगको सम्पर्कमा रही आयोगबाट प्राप्त हुने निर्देशन अनुसार आयोगको काममा सहयोग गर्नु हुन निर्णयानुसार अनुरोध छ ।

(गोपालप्रसाद अर्याल)
उप सचिव

**सादर अवगतार्थ**

माननीय उपप्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यू ,
श्रीमान् सचिवज्यू, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

**बोधार्थ**

श्री गाँउपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग, काठमाडौं ।
श्री सूचना तथा विद्युतीय शासन शाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयः- मन्त्रालयको वेबसाइटमा अपलोड गरि दिनुहुन ।

uploaded

अनुसूची –१

**गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको क्षेत्राधिकार तथा कार्य निर्देश शर्त (TOR)**

(१) आयोगले प्रत्येक जिल्लामा कायम हुने गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना, स्थानीय तहको सम्भावित केन्द्र र नामाकरणको प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

(२) आयोगले संविधानको भावना र प्रावधान अनुसार हाल विद्यमान गाउँ विकास समितिहरुको क्षेत्रलाई पुनर्संरचना गरी प्रशासनिक दक्षतामा अभिवृद्धि गर्न, स्थानीय शासनको लागि सक्षम इकाइ (Viable Unit) बनाउन, समावेशी स्वायत्त शासनको आधार तय गर्न तथा संविधान प्रदत्त अधिकार क्षेत्रको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिका तथा नगरपालिकाहरुको उपयुक्त संख्या र सीमाना निर्धारणको प्रस्ताव गर्नु पर्नेछ ।

(३) उपर्युक्तानुसार प्रस्ताव गर्दा विद्यमान गाविसहरुको पुनर्संरचना गर्ने उद्देश्यले विद्यमान स्थानीय निकाय वा सो को कुनै भाग सम्मिलन गरी वा छुट्ट्याई नयाँ निर्माण हुने नगरपालिका वा गाउँपालिका तथा विद्यमान नगरपालिकाको क्षेत्र विस्तार गरी निर्माण हुने नगरपालिकाको क्षेत्र समेतलाई संविधानको धारा ५६ (५) बमोजिम संघीय कानून बनाउन मद्दत पुग्ने गरी विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको रुपमा पहिचान समेत हुने गरी प्रस्ताव गर्नु पर्नेछ ।

(४) आयोगले उपरोक्तानुसार पुनर्संरचना प्रस्ताव गर्दा सम्बन्धित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्र भित्र सामान्यतः समान जनसंख्या, क्षेत्रफल र प्रशासनिक सुगमता कायम हुने कुरालाई समेत ध्यानमा राखी गठन हुने वडाहरुको संख्याको समेत प्रस्ताव गर्नु पर्नेछ ।

(५) आयोगले स्थानीय तहको पुनर्संरचना प्रस्ताव गर्दा स्थानीय तहलाई संविधान प्रदत्त अधिकार क्षेत्रको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक प्रशासनिक संरचना र जनशक्ति, विद्यमान कानुनमा भएको व्यवस्था एवं नयाँ संविधानको भावना बमोजिम आवश्यक सुधार समेतको सुझाव तयार गरी पेश गर्नु पर्नेछ ।

(६) स्थानीय स्वायत्त शासन प्रणालीको मर्म र भावना अनुरुप वित्तीय, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा स्थानीय तहलाई अझ बढी सुदृढ र सक्षम तुल्याउन आवश्यक सुझाव समेत आयोगले दिनु पर्नेछ ।

(७) आयोगले स्थानीय तहको पुनर्संरचना प्रस्ताव गर्दा नेपालमा हालसम्म भएका विकेन्द्रीकरणका प्रयास (आयोग, समिति, कार्यदलका प्रतिवेदन र ऐन, नियम,

महेन्द्रप्रसाद गुरुङ
सचिव

विकेन्द्रीकरण कार्यान्वयन कार्ययोजना), नेपाल सरकारले अवलम्वन गरेका विकेन्द्रीकरण र निक्षेपण सम्बन्धी नीति, कार्यक्रम, रणनीति आदिको अध्ययन विश्लेषण गरी सो का आधारमा सुझाव दिन सक्नेछ ।

(८) आयोगले पुनर्संरचना प्रस्ताव गर्दा संविधानको अनुसूचीमा प्रस्तावित स्थानीय तहको अधिकार क्षेत्रको आधारमा उपयुक्त स्थानीय सेवाको ढाँचा समेत पेश गर्नु पर्नेछ ।

(९) आयोगले काठमाडौं राजधानी र उपत्यकाको एकीकृत तथा समन्वयात्मक विकासका लागि उपयुक्त संरचनाका बिषयमा आवश्यक सुझाव सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

(१०) आयोगले विकेन्द्रीकरण र निक्षेपणका अवधारणा अनुसार केन्द्र, प्रदेश, स्थानीय तह र स्थानीय तहका गाउँपालिका, नगरपालिका र जिल्ला सभाका बीच काम, कर्तव्य, अधिकार, श्रोत, साधन र जवाफदेहिताको दोहोरोपना हटाउन स्पष्ट बाँडफाँड र वर्गीकरण गर्ने गरी सुझाव दिनु पर्नेछ ।

(११) आयोगको कामलाई सहजीकरण र समन्वय गर्न केन्द्रियस्तरमा माननीय उपप्रधानमन्त्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूको संयोजकत्वमा देहाय बमोजिम सदस्यहरु रहेको एक सहजीकरण समिति रहने छ ।

| | |
|---|---|
| माननीय उपप्रधानमन्त्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री | संयोजक |
| मुख्य सचिव | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव, गृह मन्त्रालय | सदस्य |
| सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| सचिव, सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| सचिव, शहरी विकास मन्त्रालय | सदस्य |
| सहसचिव, संघीय मामिला महाशाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य सचिव |

(१२) आयोगको कामलाई सहज तुल्याउन प्रत्येक जिल्लामा देहाय बमोजिम स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति रहनेछ । आयोगको निर्देशन अनुसार जिल्ला स्तरमा गरिने पुनर्संरचनाको लागि प्रारम्भिक कार्य गरी आयोगको काममा सहयोग गर्नु यस समितिको कर्तव्य हुनेछ ।

| | |
|---|---|
| स्थानीय विकास अधिकारी | संयोजक |

| | | |
|---|---|---|
| अधिकृत प्रतिनिधि | जिल्ला प्रशासन कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि | जिल्ला प्राविधिक कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि | मालपोत कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि | नापी कार्यालय | सदस्य |
| योजना अनुगमन तथा प्रशासकीय अधिकृत, | जिल्ला विकास समिति | सदस्य सचिव |

(१३) आयोगले आफ्नो कार्यसम्पादनका लागि विभिन्न समिति, उपसमिति तथा कार्यदल बनाई कार्य गर्न सक्नेछ ।

(१४) आयोगले पहिलो बैठक बसेको १५ दिनभित्र आफ्नो कार्यसञ्चालन विधि बनाई लागू गर्नेछ । स्थानीय निकाय, स्थानीयस्तरमा क्रियाशील राजनैतिक दलहरु, विषयविज्ञ, स्थानीय वुध्दिजिवी तथा समुदाय, स्थानीय निकायका संघ-महासंघहरुसंग आवश्यकता अनुसार परामर्श समेत लिने गरी आयोगको कार्यसञ्चालन विधि र प्रक्रिया सहभागितामूलक हुनुपर्नेछ ।

(१५) उपरोक्तानुसार तर्जुमा भएको कार्यसञ्चालन विधिमा आयोगको अवधिभरको कार्ययोजना समेत समाबेश गर्नु पर्नेछ ।

(१६) आयोगले आफूले गरेका कामको अन्तिम प्रतिवेदन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारलाई एक वर्षभित्र पेश गर्नु पर्नेछ । आयोगले चौमासिक रुपमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा प्रगति प्रतिवेदन प्रस्तुत गर्नेछ । आयोगका कामको मध्यावधि समीक्षा गरिनेछ ।

(१७) आयोगले प्रतिवेदन मस्यौदा तयार गरी केन्द्र, क्षेत्र र स्थानीयस्तरमा छलफल तथा अन्तरक्रिया गरी प्रतिवेदनलाई अन्तिम रुप दिनु पर्नेछ ।

(१८) गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण गर्दा यसै साथ संलग्न नेपाल सरकारबाट स्वीकृत मापदण्डमा आधारित भई गर्नु पर्नेछ ।

(१९) आयोगको नेपाल सरकारसंगको सम्पर्क मन्त्रालयको रुपमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय हुनेछ र सो मन्त्रालयसंग निकट सम्पर्कमा रही आयोगले कार्य गर्नु पर्नेछ । आयोगले समय समयमा नेपाल सरकारबाट प्राप्त निर्देशन बमोजिम काम गर्नु पर्नेछ र यस्तो निर्देशन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत प्राप्त हुनेछ ।

अनुसूची –२

## गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले स्थानीय तह गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण गर्दा पालना गर्नुपर्ने मापदण्ड

आयोगले नेपालको संविधानको धारा २९५ (३) बमोजिम गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण देहाय बमोजिमको मापदण्डको आधारमा गर्नु पर्नेछः-

१. स्थानीय तहको पुनर्संरचनाको सुझाव तयार गर्दा स्थानीय तहको सैद्धान्तिक अवधारणा, अन्तर्राष्ट्रिय मान्यता र अभ्यास बमोजिम सरकारलाई जनताको नजिक लैजान र जनतालाई प्रवाह गरिने सेवा सुविधामा सहज पहुँच स्थापित गर्न जनताको बसोबास प्रणाली, जनघनत्व, यातायात तथा पहुँचको सुगमता, वस्ती विकास एवं शहरीकरणको वर्तमान अवस्था र भावी सम्भावना, बजारको विकास र नदीप्रणाली / जलाधार वा पानी ढलो जस्ता बिषयलाई पर्याप्त ध्यान दिई जनताले हाल पाइआएको सुविधामा कमी नहुने गरी र स्थानीय तहका गाउँपालिकाहरु र नगरपालिकाहरु बीच सकारात्मक प्रतिस्पर्धा सिर्जना हुने गरी गर्नुपर्नेछ ।

२. स्थानीय तहको पुनर्संरचनाको सुझाव तयार गर्दा संविधानमा प्रावधान भएका प्रदेश र जिल्लाको सीमाना नखल्बलिने गरी प्रदेशभित्र र जिल्लाभित्र पर्ने गरी गर्नुपर्नेछ ।

३. स्थानीय तहको पुनर्संरचनाको सुझाव तयार गर्दा नेपालको भौगोलिक अवस्था र जनसंख्याको बनौट अनुसार हिमाल, पहाड, तराई तथा भित्री मधेशमा गठन हुने स्थानीय तहको लागि आवश्यकता अनुसार फरक-फरक नीति लिनु पर्नेछ ।

४. स्थानीय तहको पुनर्संरचनाको लागि सुझाव तयार गर्दा राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा रहेका सबै भाषाभाषी र जात जातिका जनतालाई सकेसम्म एकीकृत गर्ने र तिनको पहिचान, संरक्षण, सम्बर्धन र विकास हुनसक्ने गरी सम्भव भएसम्म निरन्तरता नटुट्ने गरी गर्नुपर्नेछ । यसरी वडाको प्रस्ताव गर्दा हाल कायम रहेको वडालाई नछुटाई आवश्यकता अनुसार वडाहरुलाई सम्मिलन गर्नु पर्नेछ ।

५. विद्यमान स्थानीय तहको संख्या कम गर्ने कुरामा प्राथमिकता दिई हालको गाउँ विकास समितिको संख्यालाई घटाउने र नगरपालिकाको संख्या बढाउन अध्ययन गरी स्थानीय स्वायत्त शासन संचालन गर्न अनुकूल हुने गरी स्थानीय तहको गठनमा सकभर एकरुपता कायम गर्न ध्यान दिदै हाल कायम रहेका एक भन्दा बढी गाउँ विकास समितिहरुलाई गाभेर गाउँपालिका बनाउँदा त्यसबाट पर्ने प्रभाव तथा

असरहरुको समेत विश्लेषण गरी यसको सामाजिक लागत लाभ हेरी जनतालाई फाइदा हुने कुरा सुनिश्चित हुनु पर्नेछ । यसको लागि पुनर्संरचना सम्बन्धी छलफलमा सम्भव भएसम्म प्रत्येक जिल्ला सदरमुकाम र कम्तीमा जिल्लाका इलाका स्तरका विभिन्न क्षेत्रमा स्थानीय राजनैतिक दल, अन्य सरोकारवालाहरु, सञ्चारकर्मी, स्थानीय निकायका प्रतिनिधि र कर्मचारीहरु र जनताहरु समेतको व्यापक सहभागिता हुने र यस कार्यको सम्पूर्ण प्रकृया पारदर्शी र सबैले थाहा पाउने गरी पर्याप्त प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यसको लागि आयोगले स्थानीय रुपमा गठित समितीको सहयोग लिन सक्नेछ ।

६. पुनर्संरचना पछि कायम हुने गाउँपालिका र नगरपालिकाको क्षेत्रफल र जनसंख्याको आकार हालको भन्दा ठूलो हुनसक्ने भएकोले सेवा प्रवाह र जनसहभागिता सहितको विकासका कार्यहरु वडा तहबाट नै हुनसक्ने गरी अब कायम हुने वडालाई सम्भव भएसम्म सेवा केन्द्रको रुपमा विकास गर्न सकिने गरी गर्नु पर्नेछ ।

७. पुनरर्संरचना पछि ग्रामीण क्षेत्रमा रहने गाउँपालिकामा भूगोल, जनसंख्या र जनघनत्वका आधारमा ५ देखि २१ संख्यामा वडाहरु कायम हुनसक्ने र शहरी क्षेत्रमा जनसंख्या, भूगोल, जनघनत्व, शहरी सुविधा र विकासको आधारमा नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको रुपमा रहन सक्ने र हाल कायम रहेका वडाहरुको पनि पुनर्संरचना गरी अब कायम हुने वडाको संख्या कम्तीमा ९ देखि ३५ संख्यामा रहन सक्ने गरी सिफारिश गर्नुपर्नेछ ।

८. नगरपालिका र गाउँ विकास समितिमा रहेका हालका वडालाई पुनर्संरचना गर्दा अब कायम हुने नगरपालिका वा गाउँपालिका भित्र वडामा सामान्यतया समान जनसंख्या पर्ने गरी सेवा प्रवाह गर्ने इकाइको रुपमा विकास गर्न सकिने गरी कायम गर्नुपर्नेछ ।

९. संविधानको धारा ५६ (५) मा व्यवस्था भए बमोजिम समाजिक साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न संविधानको धारा ५१ (ग), (घ), र (ञ) मा उल्लेखित राज्यका नीतिहरु कार्यान्वयन हुने गरी विशेष व्यवस्था मिलाउन अब कायम हुने गाउँपालिका वा नगरपालिका मध्ये आवश्यक क्षेत्रमा आकार र जनसंख्याको पर्याप्तता र पहिचान गरिएका जाति, जनजाति, समुदायलाई समेटने गरी थप अधिकार र स्रोत साधन सहित सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई नै विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको रुपमा कानून बमोजिम घोषणा गर्न सकिने गरी सिफारिश गर्नुपर्नेछ । विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको परिभाषा गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :–

महेन्द्रप्रसाद गुरुङ
सचिव

(क) कुनै जिल्लाको तुलनात्मक विकासको आधारमा आर्थिक र सामाजिक रुपमा अति पछि परेको, विपन्न, भौगोलिक कठिनाइ युक्त दुर्गम क्षेत्र र समुदायलाई समेटी स्थानीय तहको गठन गर्नुपर्ने देखिएमा सोको निर्धारण गरी त्यस्ता स्थानीय तह (गाउँपालिका वा नगरपालिका) लाई विशेष संरचनाको रुपमा प्रस्ताव गर्न सकिनेछ ।

(ख) कुनै जिल्लाको कुनै भाग, भेग वा क्षेत्रमा अति अल्पसंख्यक, लोपोन्मुख र अति सीमान्तकृत रूपमा रहेका जाति, समुदाय र सांस्कृतिक क्षेत्र भएमा सो समेटी गठन हुने स्थानीय तह (गाउँपालिका वा नगरपालिका) लाई संरक्षित क्षेत्रको रुपमा प्रस्ताव गर्न सकिनेछ ।

(ग) जिल्लामा कुनै भाग वा क्षेत्रमा एक जाति / समुदाय वा भाषा, संस्कृति भएका समुदायको सघन उपस्थिति र वाहुल्यता भएको खण्डमा सो समेटी स्थापना हुने स्थानीय तह (गाउँपालिका वा नगरपालिका) लाई स्वायत्त क्षेत्रका रुपमा प्रस्ताव गर्न सकिनेछ ।

१०. गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको नामाकरणको प्रस्ताव गर्दा निम्न आधार लिई गर्नुपर्नेछः-

(क) स्थानीय तहको नामाकरण गर्दा सकेसम्म सर्वसम्मत रुपमा स्थानीय विशिष्टता, ऐतिहासिक स्थल वा पहिचानको निरन्तरता, हिमाल, नदी नाला, राष्ट्रिय विभूति, स्थानीय समुदायका विशिष्ट भाषिक, सांस्कृतिक पहिचान तथा धार्मिक सम्पदालाई आधार लिई गर्न सकिनेछ ।

(ख) स्थानीय तहको नामाकरणको सिफारिश गर्दा विद्यमान स्थानीय निकाय तथा स्थानीय तहको सर्वपक्षीय छलफल र सहमतिका आधारमा गर्नुपर्नेछ ।

(ग) माथि उपदफा (क) र (ख) वमोजिम नामाकरणका बिषयमा सहमतिको साझा नाम छनौट हुन नसकेमा विकल्पका रुपमा सुझाव सहित नाम पेश गर्नु पर्नेछ ।

११. आयोगले स्थानीय तहको पुनर्संरचना गर्दा माथि उल्लेखित मापदण्डको साथै नेपाल सरकारले समय समयमा दिएको मापदण्ड सम्बन्धी थप निर्देशन बमोजिम समेत गर्नु पर्नेछ । नेपाल सरकारले यस्तो निर्देशन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत दिनेछ ।

महेन्द्रमान गुरुङ
सचिव

## गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगका पदाधिकारीज्यूहरुको सम्पर्क टेलिफोन नम्बरहरु

| क्र.सं. | आयोगका पदाधिकारीहरुको नाम, थर र ठेगाना | पद | टेलिफोन नं. |
|---|---|---|---|
| १ | श्री बालानन्द पौडेल, कुश्मा नपा -१६, पर्वत | अध्यक्ष | ९८४१४४४७२२ |
| २ | डा. श्यामकृष्ण भुर्तेल, इलाम नपा- ९ इलाम | सदस्य | ९८४९७५३५९९ |
| ३ | श्री डोरमणि पौडेल, हेटौडा उमनपा-११, मकवानपुर | सदस्य | ९८५५०६७५७६ |
| ४ | श्री माधव अधिकारी, डिकपुर-६, दाङ्ग | सदस्य | ९८५१०१६८४० |
| ५ | श्री नीरज शाह, डाँडागाउँ-६, जाजरकोट | सदस्य | ९८५१०३५४१४ |
| ६ | श्री सुनिलरञ्जन सिंह, गौरीशंकर-५ सर्लाही | सदस्य | ९८५११६९४१९ |
| ७ | श्री पवित्रा सुव्वा श्रेष्ठ, कामनपा-३५ कोटेश्वर | सदस्य | ९८५१०४२४९५ |
| ८ | श्री ............................... | सदस्य | |
| ९ | डा. हरि पौडेल, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य सचिव | ९८४१५१००८१ |

* डा. हरि पौडेल, सहसचिव, सङ्घीय मामिला महाशाखा, सम्पर्क नं. ०१-४२००२८९, ९८४१५१००८१
* श्री गोपाल प्रसाद अर्याल, उपसचिव, सङ्घीय मामिला शाखा, सम्पर्क नं. ०१-४२००५३३, ९८४९४७९७०२